गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
प.सं : ०८१/८२
च.नं :
फोन नं : ०६६-५२०१३१

# आवेदन पेश गर्ने सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/३१*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,लमजुङको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको तपसिलमा उल्लेखित कार्यक्रम संचालनका लागि देहाय अनुसारका न्यूनतम शर्तहरु पुरा गर्ने फर्म/समूह/समिति वा सहकारीलाई आवश्यक कागजातहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले १० दिन (२०८२ जेठ १० गते) भित्र तोकिएको ढाँचामा यस कार्यालयमा वा सम्वन्धित स्थानीय तहको पशु सेवा शाखामा आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र. सं | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | कुल बजेट | अनुदान प्रतिशत | आवश्यक न्यूनत शर्तहरु तथा अन्य विषयहरु |
|---|---|---|---|---|---|
| १ | डेरी पसल/माछामासु पसल निर्माण/सुधार | ८ वटा | ८ लाख | अधिकतम ५० प्रतिशत | • आवेदक फर्म/समूह/समिति वा सहकारी हुनुपर्ने।<br>• कम्तीमा ८० वर्ग फुट क्षेत्रफलमा पसल संचालन गरेको हुनुपर्ने वा गर्नुपर्ने।<br>• कम्तीमा १ वर्ष अगाडिवाट पसल संचालन गरिरहेको हुनुपर्ने। |

आवश्यक कागजातहरुः

क) रु १० को हुलाक टिकट टाँस गरेको कार्यक्रममा समावेश हुन पाउँ भन्ने व्यहोराको निवेदन
ख) तोकिएको ढाँचामा भरेको प्रस्ताव
ग) सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, पान दर्ताको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
घ) समूह/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि र गत आ.व.को लेखापरीक्षण प्रतिलिपि
ङ) अघिल्लो दुई आ.व.मा कुनै कार्यालयवाट अनुदान प्राप्त गरे नगरेको स्वघोषणा पत्र
च) सम्वन्धित पालिकाको पशु सेवा शाखा र वडाको सिफारिस

*पुनश्चः उल्लेखित कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" र "माछामासु तथा डेरी पसल निर्माण/सधार सम्बन्धी मापदण्ड,२०७७" अनुसार कार्यान्वयन हुनेछ। उल्लेखित कार्यविधि तथा मापदण्ड यस कार्यालयको वेबसाईट vhlseclamjung.gandaki.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ। म्याद सकिएपश्चात प्राप्त हुने वा तोकिएका कागजातहरु समावेश नभएका आवेदनहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।*

डा. सुनिल न्यौपाने
नि. कार्यालय प्रमुख

इमेल : vhl.lamjung@gmail.com, vhlseclamjung@gandaki.gov.np
वेब-साईट: www.vhlseclamjung.gandaki.gov.np